# निर्वाचन आयुक्तको पदमा नियुक्तिको सन्दर्भमा पेश गरिएको भावी योजनासम्बन्धी अवधारणा तथा कार्ययोजना

## निर्वाचन आयोग, नेपालको निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि संवैधानिक परिषदबाट सिफारिस


**प्रस्तुतकर्ता**

कृष्णमान प्रधान


९ साउन, २०८१

काठमाण्डौं

# निर्वाचन आयुक्तको पदमा नियुक्तिको सन्दर्भमा पेश गरिएको भावी योजनासम्बन्धी अवधारणा तथा कार्ययोजना

कृष्णमान प्रधान

माननीय सभापतिज्यू
समितिका माननीय सदस्यज्यूहरु,

निर्वाचनको माध्यमबाट छनौट हुने राज्यका तीनै तहका राजनीतिक पदमा समान मताधिकार र गोप्य मतदानमा आधारित स्वच्छ, स्वतन्त्र, विश्वसनीय र स्वीकार्य निर्वाचन प्रणाली सञ्चालन गर्न नेपालको संविधानले एउटा स्वतन्त्र र निष्पक्ष संवैधानिक निकायको रूपमा निर्वाचन आयोगको व्यवस्था गरेको छ। यस आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य चारजना आयुक्तहरू रहने संवैधानिक ब्यवस्था बमोजिम हाल एकजना आयुक्तको पद रिक्त रहेकोमा सो पदमा नेपालको संविधानको धारा २८४ बमोजिम सम्वत २०८१ आषाढ २ गते सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको संवैधानिक परिषदको बैठकले मलाई नियुक्तिका लागि सिफारिस गरे बमोजिम संसदीय सुनुवाईका लागि यस सम्मानित समिति समक्ष उपस्थित भएको छु। सर्वप्रथम म यस अवसरमा मलाई निर्वाचन आयुक्त जस्तो गरिमामय पदमा नियुक्तिको लागि सिफारिस गर्नुहुने संवैधानिक परिषदका सम्मानीय अध्यक्षसहित सम्पूर्ण सदस्यज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। उक्त सिफारिस पश्चात संसदीय सुनुवाइ समितिले यथाशीघ्र संसदीय सुनुवाइ प्रकृया अगाडि बढाई मेरा आफ्ना अवधारणासहित यो हैसियतमा उपस्थित हुने अवसर प्रदान गर्नु भएकोमा सम्मानित संसदीय सुनुवाइ समितिका माननीय सभापति र माननीय सदस्यहरू सहित सम्पूर्ण पदाधिकारीहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

## १. शैक्षिक योग्यता

मैले त्रिभुवन विश्वविद्यालयबाट २०५२ सालमा व्यवस्थापनमा स्नातक तह, २०५७ सालमा कानूनमा स्नातक र २०६३ सालमा राजनीतिशास्त्रमा स्नातकोत्तरको शिक्षा हासिल गरेको छु। मैले हाल त्रिभुवन विश्वविद्यालयबाट **स्थानीय सरकार र लोकतन्त्र** विषयमा विद्यावारिधि गरिरहेको छु जुन अन्तिम चरणमा रहेको छ।

## २. हालसम्मको कार्य अनुभव

नागरिक समाजको एक सकृय सदस्यको हैसियतले विगत ३३ वर्षदेखि नेपालमा बिधिको शासन, लोकतन्त्र, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, सक्षम र उत्तरदायी सरकार, स्वतन्त्र र निश्पक्ष निर्वाचनजस्ता विषयमा लगातार सरकार, संसद, न्यायपालिका, बिभिन्न आयोगहरू, नागरिक समाज र आम सरोकारवालाहरूसँग निरन्तर काम गर्दै आएको छु। यससन्दर्भमा केही महत्त्वपूर्ण क्षेत्र र निकायमा रहेको संलग्नता र पूरा गरेको जिम्मेवारीका सम्बन्धमा बुँदागतरूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छुः

(क) वि.सं. २०४८ सालदेखि हालसम्म नेपाल कानून समाजको कार्यकारी निर्देशकको हैसियतले बिभिन्न तहका सरकार, संसद, न्यायपालिका, निर्वाचन आयोग लगायत अन्य संवैधानिक निकायहरू, नागरिक समाजसँग निरन्तर सहकार्य गर्दै आएको छु। त्यसैगरी बिभिन्न तहका निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न भए नभएको पर्यवेक्षणका लागि वि.सं. २०४८ सालदेखि हालसम्म आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) को जिम्मेवारी सम्हाल्दै त्यसयता भएका सबै निर्वाचनको पर्यवेक्षणमा

संलग्न हुँदै आएको छु। उक्त सञ्जाल मार्फत निर्वाचन पर्यवेक्षण गरी निर्वाचन आयोग तथा सम्वद्ध निकायलाई प्रतिवेदन बुझाई आवधिक निर्वाचन स्वतन्त्र र निष्पक्ष बनाउने सम्बन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छु। संस्थागत रूपमा वि.सं. २०५० सालदेखि हालसम्म ग्रामीण विकास प्रतिष्ठानको अध्यक्षको हैसियतले काम गर्दै आएको छु भने वि.सं.*२०८० साल देखि हालसम्म एसियाली देशहरूमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको पैरवी गर्दै आएको संस्था* Asian Network for Free Elections -ANFREL को कार्यकारी परिषदको सदस्य तथा वि.सं. २०८० देखि हालसम्म राष्ट्रिय न्यायिक प्रतिष्ठानको कार्यकारी परिषदको सदस्यको हैसियतले महत्त्वपूर्ण जिम्मेवारीहरू पूरा गर्दै आएको छु।

(ख) माथि उल्लिखित सङ्घ संस्थाहरू मार्फत र स्वतन्त्ररूपमा समेत निर्वाचन सुशासन, कानूनी शासन, मानव अधिकार तथा समावेशी लोकतन्त्रका क्षेत्रमा एउटा अभियन्ताकै रूपमा कार्य गर्दै आएको छु। विगत ३५ वर्षदेखि नेपाल सरकार, संसद, न्यायपालिका, नागरिक समाज तथा विकास साझेदारहरूसँग सहकार्य गर्दै यी क्षेत्रहरूमा कृयाशील भूमिका सहित बिभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको मेरो अनुभव छ।

(ग) म वि.सं.२०४८ सालदेखि हालसम्म (संवैधानिक परिषदबाट निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिको लागि सिफारिस हुनुअघिसम्म) निरन्तर रूपमा नेपाल कानून समाजको कार्यकारी निर्देशकका रूपमा कार्यरत थिए। नेपाल कानून समाज वि.सं. २०३८ सालमा स्थापित गैरनाफामूलक संस्था हो जसले कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, निर्वाचन सुशासन, तथा समावेशी लोकतन्त्रको क्षेत्रमा नीति तथा कानून तर्जुमा गर्न, सेवा प्रवाहमा प्रभावकारिता बढाउन तथा पैरवी गर्न बिभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। समाजले संविधान निर्माण (२०४७, २०६३ र २०७२), कानून निर्माण (राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५५, स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ आदि), सँस्थागत क्षमता विकास तथा पैरवीको क्षेत्रमा जिम्मेवार निकायसँग सहकार्य र सहयोगीको रूपमा अनवरत ढङ्गले काम गर्दै आएको छ। त्यसैगरी समाजले मूलतः नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका सरकार र तीनै तहका व्यवस्थापिकासँग मिलेर कानून निर्माणमा सहकार्य गर्दै आएको छ। यसक्रममा करिब २० वटा सङ्घीय कानून, करिब १०० वटा प्रादेशिक कानून र करिब १०० वटा स्थानीय कानून निर्माणमा समाजले योगदान पुऱ्याएको छ। साथै, समाजले न्यायपालिकासँग सहकार्य गरी कानूनी शासन प्रवर्धन र क्षमता विकासका कार्यक्रमहरू गरी न्यायपालिकामा जनआस्था वृद्धि गर्न र न्यायमा नागरिकहरूको पहुँच वृद्धि गर्न सहयोग गर्दै आएको छ। त्यसका साथसाथै समाजले सुशासन, सङ्घीयता, मानव अधिकार, समावेशी लोकतन्त्र तथा कानूनी शासनको क्षेत्रमा दर्जनौँ कार्यक्रमहरू गर्दै आएको छ। सङ्घीयताको संस्थागत विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरी कानून निर्माण, कार्यान्वयन र क्षमता विकास, मौलिक हकको कार्यान्वयन गर्न नागरिक संवाद केन्द्रहरूमार्फत सातवटै प्रदेशमा नियमित संवाद कार्यक्रम सञ्चालन, महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, थारु समुदायका निम्ति संविधान अनुकूल नीति निर्माण, पहुँच अभिवृद्धि तथा पैरवी र न्यायपालिकासँग मिलेर स्वतन्त्र र भयरहित सेवा प्रवाहका लागि नियमित संवाद जस्ता

कार्यक्रमको अगुवाइ गरेको छ। नेपाल कानून समाजको तर्फबाट कार्यकारी निर्देशकको हैसियतमा हरेक कार्यक्रम तर्जुमा, समन्वय, सहकार्य र कार्यक्रम कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी निर्वाह गर्ने अवसर पाएको छु।

(घ) वि.सं. २०४६ देखि यता भएका केन्द्रीय, सङ्घीय, प्रादेशिक तथा स्थानीय निर्वाचनहरूमा मेरो अगुवाइमा नेपाल कानून समाजसमेत सामेल रहेको आम निर्वाचन पर्यवेक्षण समितिले (जियोक) निर्वाचन स्वतन्त्र, निष्पक्ष तथा धाँधलीरहित ढंगबाट गराउनका निम्ति निर्वाचन आयोगसँगको सहकार्यमा पर्यवेक्षणको नेतृत्व गर्दै आएको छ। जस अन्तर्गत ३ वटा संसदीय निर्वाचन (२०४८, २०५१ र २०५६), २ वटा स्थानीय निकायका निर्वाचन (२०४९ र २०५४), २ वटा संविधानसभाका निर्वाचन (२०६४ र २०७०), २ वटा सङ्घीय संसदको निर्वाचन (२०७४ र २०७९), २ वटा प्रादेशिक निर्वाचन (२०७४ र २०७९) र २ वटा स्थानीय तहको निर्वाचन (२०७४ र २०७९) मा आम निर्वाचन पर्यवेक्षण समिति र नेपाल कानून समाजको नेतृत्व र समन्वयमा प्रत्येक निर्वाचनमा करिब ३ हजार पर्यवेक्षकहरू परिचालन गरी निर्वाचन सुशासनका लागि योगदान दिएको छु। हरेक निर्वाचनका समयमा म र म संलग्न संस्थाले निर्वाचन आयोगसँग मिलेर पर्यवेक्षकहरू तथा निर्वाचनमा परिचालित अधिकृत एवं कर्मचारीहरूलाई विज्ञहरूमार्फत प्रशिक्षण उपलब्ध गराई निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरिहत र धाँधलीरहित बनाइ निर्वाचन व्यवस्थापन प्रक्रियामा सुधार ल्याउन यथेष्ट सहयोग गरेको विश्वास छ।

(ङ) निर्वाचन सुशासनको क्षेत्रमा लगातार गरेको योगदान तथा पर्यवेक्षणमा रहेको अनुभवका कारण २०८० जेठ ४ गते अन्तर्राष्ट्रिय रूपमा प्रतिष्ठित ३० वटा एसियाली देशका प्रतिनिधिको सहभागिता रहेको Asian Network for Free Elections -ANFREL नामक संस्थाको कार्यकारी परिषदको सदस्यमा म निर्वाचित भएको थिए। उक्त भूमिकामा मैले एसियाभरका देशहरूका निर्वाचन संस्थाहरूलाई परामर्श दिंदै आएको छु। यसै वर्ष मैले ANFREL टोलीको नेतृत्व गर्दै माल्दिभ्स र थाइल्यान्डमा भएका आम निर्वाचनको पर्यवेक्षणका साथसाथै निर्वाचन सुशासनका निम्ति परामर्श दिने कामको नेतृत्व गर्ने अवसर प्राप्त गरेको थिएँ। त्यसको अतिरिक्त विगतमा श्रीलङ्का (२०१९) र बाङ्ग्लादेश (२००८) मा अन्तर्राष्ट्रिय पर्यवेक्षकका रूपमा संलग्न भई नेपालको निर्वाचन व्यवस्थापन प्रणाली र अन्य मुलुकको निर्वाचन प्रणालीको तुलनात्मक समीक्षा गरी सरोकारवालाहरूलाई जानकारी गराउने तथा अन्तर्राष्ट्रिय निर्वाचन प्रणालीको समेत अनुभव हासिल गरेको छु।

(च) नेपाल कानून समाजको अग्रसरतामा विज्ञहरूको समूहले निर्वाचन आयोग र नेपाल सरकारसँग सहकार्य र सरोकारवालाहरूसँगको परामर्शमा एकीकृत निर्वाचन कानून निर्माणको लागि निर्वाचन आयोगलाई सुझाव दिएकोमा निर्वाचन आयोगले एकीकृत निर्वाचन व्यवस्थापन ऐनको विधेयक मसौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरिसकेको छ। उक्त एकीकृत कानून निर्माण भएपछि सबै मतदाता र उम्मेदवारको निर्वाचन प्रक्रियामा समान पहुँच, निर्वाचन सञ्चालनमा सरलता, निर्वाचनमा सरोकारवालाहरूको आस्था र भरोसा वृद्धि, राजनीतिक दल र सरोकारवालाहरूको जबाफदेहीमा वृद्धि र निर्वाचन सुशासन कायम हुनेमा आयोग, राजनीतिक दल,

नागरिक समाज तथा सरकारले विश्वास जनाइसकेका छन्।उक्त प्रस्तावित विधेयक हाल नेपाल सरकारले अध्ययन गरिरहेको छ। त्यसबाहेक निर्वाचनका समयमा आयोगले आफ्ना ऐन, नीति, नियम तथा निर्देशिकाहरू अद्यावधिक गर्दा समाजको नेतृत्व गर्दै सरोकारवालाहरूसँग परामर्श गरी आयोगलाई सुझाव दिएर सहयोग गरेको छु।

(छ) मेरो अगुवाईमा नेपाल कानून समाजले निर्वाचन प्रणाली र प्रक्रियालाई विश्वसनीय र प्रभावकारी बनाउन निर्वाचनसम्बन्धी विवादहरूमा सर्वोच्च अदालतको संवैधानिक इजलासले गरेका फैसलाहरूको बौद्धिक टिप्पणी र समीक्षा सहितको प्रतिवेदन प्रकाशित गरेको छ। सो प्रतिवेदनले तत्सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी गराउनुका साथै संवैधानिक विधिशास्त्रमा पनि योगदान गरेको छ। यस्ता कार्यक्रमहरूबाट न्यायपालिकालाई महत्त्वपूर्ण पृष्ठपोषण दिन र संवैधानिक इजलासप्रति जनआस्था वृद्धि गर्न पनि सहयोग पुगेको छ।

(ज) निर्वाचन सम्बन्धी कार्यमा संलग्नताको सन्दर्भमा नेपाल कानून समाजबाटै संविधानसम्बन्धी लेखहरूको संगालो Essays on Constitutional Law को प्रकाशन समितिको सदस्य सचिव भई २०४७ सालदेखि २०८० सम्म दर्जनौँ कृतिहरू प्रकाशित गरेको छु भने संविधान निर्माणका क्रममा महत्त्वपूर्ण विषयहरूमा संविधानसभा सदस्य तथा सरोकारवालाहरूको अभिमतलाई समावेश गर्ने गरी नियमित नागरिक संवाद बुलेटिन २०६४ सालदेखि २०८० सम्म प्रकाशित गर्ने कार्यको अगुवाइ गरेको छु। त्यसैगरी निर्वाचन सुशासन, स्वतन्त्र न्यायपालिका, संसदीय अभ्यास, समावेशी लोकतन्त्र र मानव अधिकारका क्षेत्रमा २०० भन्दा धेरै लेखहरू नेपाली तथा अङ्ग्रेजी भाषामा प्रकाशित गर्ने कार्यमा मैले योगदान पुऱ्याएको छु।

## ३. निर्वाचन व्यवस्थापनका मूल्य मान्यता, आवश्यकता र आधारभूत तत्वहरू

स्वतन्त्रता, स्वायत्तता, निष्पक्षता, निष्ठा तथा सदाचार, पारदर्शिता, प्रभावकारिता, व्यवसायिकता, सेवामुखीपन, जवाफदेहिता, विश्वसनीयता र पूर्व क्रियाशीलता निर्वाचन व्यवस्थापन गर्ने निकायमा हुनुपर्ने आधारभूत मान्यताहरू हुन्। हाम्रो निर्वाचन आयोगले पनि यिनै आधारभूत मान्यताहरूलाई आत्मसात गर्नुपर्ने हुन्छ।

लोकतन्त्रको संस्थागत विकास, विधिको शासनको सुदृढीकरण, समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता, विधायिका मार्फत बहुमतको सरकार र सशक्त प्रतिपक्ष, राजनीतिक दलहरूको सक्रियता र उत्साह, मतदाताको सार्वभौम अधिकारको रक्षा, प्रतिनिधित्व प्रणालीको कार्यान्वयन, जनउत्तरदायी सरकारको निर्माण, निर्वाचन प्रणालीको दिगोपना, राजनीतिक स्थायित्व र सुशासन जस्ता तत्वहरू हामीले अपनाएको उदार लोकतान्त्रिक संसदीय शासन प्रणालीका मूलभूत मर्महरू हुन्।

नेपालको संविधानको धारा २४६ बमोजिम निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने अधिकार तथा कर्तव्य व्यवस्था भएको छ। त्यसको लागि मतदाता नामावली तयार गर्ने, आवश्यकता अनुसार राष्ट्रिय महत्वका विषयमा जनमत सङ्ग्रह गराउने, उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने

लगायतका जिम्मेवारीहरू समेत संविधानद्वारा नै निर्वाचन आयोगलाई सुम्पिएको छ। आयोगलाई आफ्नो कार्य गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने, आयोगले आवश्यकता अनुसार राजनीतिक दल, सरकार र अन्य सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा निर्वाचन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सक्ने व्यवस्था समेत संविधानले गरेको छ। यस किसिमका संवैधानिक जिम्मेवारी बमोजिम स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गराउन आयोग निरन्तर क्रियाशील समेत छ। त्यस्तै निर्वाचन आयोग ऐन, २०७३ ले आयोगलाई संविधानद्वारा सुम्पिएको जिम्मेवारी पूरा गर्न आवश्यक अन्य अधिकार प्रदान गर्नुका साथै आवश्यक सँस्थागत र प्रक्रियागत प्रबन्धहरू समेत गरेको छ। आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न सरोकारवालाहरूसँग परामर्श गरी सरकार, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार र सम्बन्धित व्यक्ति, सञ्चार माध्यम, गैर सरकारी संस्था र अन्य व्यक्तिहरूले पालना गर्नुपर्ने आचार संहिता बनाउन सक्ने व्यवस्था समेत ऐनले गरेको छ। त्यसैगरी आयोगले बनाएको आचार संहिता पालना भए नभएको सम्बन्धमा आवश्यकता अनुसार संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्ने, कसैबाट आचार संहिता पालना नभएको वा उल्लङ्घन भएको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिने, आयोगले दिएको आदेश बमोजिम काम कारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्ने र कुनै उम्मेदवारले आयोगले बनाएको आचार संहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने व्यवस्था समेत ऐनमा गरिएको छ। त्यस बाहेक निर्वाचन खर्चको हद तोक्ने, राजनीतिक दल वा उम्मेदवारले तीस दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने, निर्वाचनमा निर्धारित हदभन्दा बढी खर्च गरेमा बिगो बमोजिमको जरिबाना गर्ने जस्ता व्यवस्थाहरू गरिएका छन्।

## ४. विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणाली, नेपालले अवलम्बन गरेको प्रणाली र निर्वाचन आयोगको कार्यभार

संसारमा बिभिन्न किसिमका निर्वाचन प्रणालीहरू अभ्यासमा छन्। खासगरी पहिलो हुने निर्वाचित हुने प्रणाली धेरै मुलुकहरूमा प्रचलनमा रहेको छ भने समानुपातिक निर्वाचन प्रणाली र मिश्रित प्रणालीहरू पनि अभ्यासमा छन्।

मिश्रित प्रणाली अन्तर्गत समानान्तर प्रणाली र मिश्रित सदस्य समानुपातिक प्रणाली अभ्यासमा रहेका छन् भने समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र एकल संक्रमणीय मत प्रणाली अभ्यासमा रहेका छन्। त्यसबाहेक अन्य प्रणालीहरूमा एकल संक्रमणीय मत प्रणाली, सीमित मत प्रणाली र प्राथमिकता गणना प्रणालीहरू अभ्यासमा रहेका छन्।

नेपालमा स्थानीय सभाका करिब ३५,००० पदाधिकारीहरू, प्रादेशिक सभाका ५५० सदस्यहरू, सङ्घीय संसद्को प्रतिनिधि सभाका २७५ सदस्यहरू र ५६ (र ३ जना सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्ति गरिने) जना राष्ट्रिय सभाका सदस्यहरू तथा नेपालको

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी बोकेको निर्वाचन आयोगले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनको लागि सङ्घीय संसद् तथा प्रदेश सभाका सदस्यले दिएको मतको आधारमा नेपालको संविधानको धारा ६२ र ६९ को अधीनमा रही बहुमत प्रणाली बमोजिम निर्वाचन गरिने व्यवस्था छ। निर्वाचक मण्डलको सम्बन्धमा निर्वाचन प्रयोजनका लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्यको मतभार सङ्घीय कानून बमोजिम फरक फरक हुने र तत्काल कायम रहेको कूल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुने व्यवस्था छ। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था समेत संविधानमा गरिएको छ। राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को अनुसूची बमोजिम सङ्घीय संसद्का सदस्यको मतभार पछिल्लो राष्ट्रिय जनगणनाका आधारमा निर्धारण हुन्छ। यसरी हेर्दा राष्ट्रपति तथा उपराष्ट्रपति जस्तो गरिमामय पदहरूको निम्ति सङ्घ र प्रदेशका निर्वाचित प्रतिनिधिहरूको सहभागितामा निर्वाचित गर्न पाउने पद्धति अत्यन्तै महत्वपूर्ण र उपयुक्त रहेको देखिन्छ। तथापि, हरेक जनगणनापछि निर्वाचनमा मतभार फरक हुने भएकोले केही जटिलता भने देखिन्छ।

संङ्घीय संसद्को प्रतिनिधि सभाको निर्वाचनको लागि संविधानले दुई प्रकारको निर्वाचन प्रणाली अवलम्बन गर्ने व्यवस्था गरेको छ। प्रतिनिधि सभाको निर्वाचनको लागि नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एकसय पैँसट्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय पैसठ्ठी सदस्य र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय दश सदस्य गरी जम्मा २७५ सदस्य रहने व्यवस्था छ।

राष्ट्रिय सभा सदस्यको लागि मिश्रित प्रकारको निर्वाचक मण्डलबाट बिभिन्न प्रदेशबाट उम्मेदवार निर्वाचित हुने व्यवस्था संविधानले गरेको छ। राष्ट्रिय सभामा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानून बमोजिम मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना गरी जम्मा ५९ जना सदस्य रहने व्यवस्था गरिएको छ।

प्रदेश सभा एक सदनात्मक हुने र प्रदेश सभाको निर्वाचनको लागि पनि सङ्घीय संसद्को प्रतिनिधि सभाको लागि अवलम्बन गरिने प्रणाली नै अवलम्बन गरिने व्यवस्था संविधान तथा सम्बन्धित कानूनमा रहेको छ।

स्थानीय तहको निर्वाचन प्रणाली सम्बन्धमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुख वा वडा अध्यक्षको निर्वाचनमा प्रत्यक्ष रूपमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ। गाउँपालिका वा नगरपालिकाको वडा समितिमा रहने दलित महिला तथा महिला सदस्यको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, दुई जना वडा सदस्यको निर्वाचनमा सबैभन्दा बढी मत ल्याउने दुई जना निर्वाचित हुने व्यवस्था छ। गाउँ

कार्यपालिकाका चार जना महिला र दुईजना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुने तथा नगर कार्यपालिकाका पाँच जना महिला र तीन जना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुने सदस्यको निर्वाचन तत् तत् सभाका सदस्यहरुले आफूमध्येबाट एकजना मतदाताले जति संख्यामा निर्वाचित गर्ने हो सोही संख्यामा मतदान गर्न पाउने गरी हुने निर्वाचनबाट सबभन्दा बढी मत प्राप्त गर्ने कार्यपालिका सदस्य निर्वाचित हुन्छन्।

## ५. निर्वाचन आयोग सम्बन्धी मौजुदा कानून, संगठन संरचना र जनशक्ति व्यवस्थापन

आयोग सम्बन्धी मौजुदा कानून अन्तर्गत निर्वाचन आयोग ऐन, २०७३, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, मतदाता नामावली सम्बन्धी ऐन, २०७३, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र स्थानीय तह निर्वाचन ऐन, २०७३ रहेका छन् भने निर्वाचन आयोग नियमावली, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४, प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४, स्थानीय तह निर्वाचन नियमावली, २०७३ रहेका छन्। त्यसैगरी निर्वाचनको कार्यविधि र प्रक्रिया सरलीकरणका लागि करिब ४० वटा निर्देशिकाहरू तयार गरिएको छ।

संगठन संरचनाको सन्दर्भमा काठमाडौंमा केन्द्रिय सचिवालय र ७० जिल्लामा जिल्ला निर्वाचन कार्यालय तथा ७ प्रदेशमा जिल्ला तथा प्रदेशको समेत कार्य गर्ने प्रदेश निर्वाचन कार्यालयको व्यवस्था रहेको छ। केन्द्रीय सचिवालयमा १११ र ७० जिल्ला निर्वाचन कार्यालय र ७ प्रदेश निर्वाचन कार्यालयमा ५६० गरी कुल ६७१ दरवन्दी रहेका छन्। २७ वटा जिल्ला निर्वाचन कार्यालयको आफ्नै तथा सरकारी भवन रहेको, ३ वटा जिल्ला निर्वाचन कार्यालयको भवन निर्माण भइरहेको, ४७ वटा जिल्ला निर्वाचन कार्यालय भाडामा रहेको र निर्वाचन शिक्षालाई निरन्तर सञ्चालन गर्न आयोग परिसर, कास्की र कैलाली जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र सञ्चालनमा रहेको अवस्था छ।

## ६. नेपालको निर्वाचन प्रणालीका विशेषता र सवालहरू

नेपालको निर्वाचन प्रणालीले प्रत्यक्ष निर्वाचित प्रतिनिधिलाई मूलतः आफ्नो निर्वाचन क्षेत्रको भौगोलिक सिमानाको अधीनमा रही मतदाताप्रति उत्तरदायी हुने, राजनीतिक दल, उम्मेदवार र मतदाता बीच प्रत्यक्ष सम्पर्क र सम्वाद हुने, राजनीतिक चेतना बढ्ने र मतदाताले उम्मेदवारको कार्य सम्पादन मूल्यांकन गर्न पाउने, मतदाताले सहजै बुझ्न सक्ने प्रणाली भएकोले मतको सदुपयोग हुने, समानुपातिक समावेशी सिद्धान्तमा आधारित हुने हुँदा न्यायोचित प्रतिनिधित्वको अवसर प्राप्त हुने, मतदाताको सहभागिता बढ्ने र जातीय एवं क्षेत्रीय मुद्दाहरूको सम्बोधन हुने, समाजका कमजोर वर्ग र अल्पसंख्यकको प्रतिनिधित्वले सामाजिक रूपान्तरण सहज हुने, देशका सबै वर्ग, क्षेत्र, लिङ्ग, जातजाति र सम्प्रदायको प्रतिनिधित्व सुनिश्चित भई शासनमा स्वामित्व बढ्ने, विधायिकी निर्णय प्रकृयामा प्रतिपक्षको सहभागिताको लागि प्रोत्साहन गर्ने, निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त, मान्यता र मापदण्डको अवलोकन गर्न सहयोग पुग्ने जस्ता महत्वपूर्ण विशेषताहरू बोकेको छ।

नेपालको संविधानले अवलम्बन गरेको निर्वाचन प्रणालीको अभ्यासको दौरानमा हालसम्म दुईपटक राष्ट्रपति तथा उपराष्ट्रपति, संघीय संसद, प्रदेश सभा र स्थानीय तहका निर्वाचनहरू सम्पन्न भएका छन्। यस अवधिमा संविधानले अवलम्वन गरेका निर्वाचन प्रणालीको अभ्यासका परिणामहरू समेत हामीले अनुभव गर्दै आएका छौं। उक्त अभ्यासबाट केही प्रश्न वा सवालहरूसमेत सिर्जना भएका छन्ः

- निर्वाचनलाई थप स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउने विषय,
- निर्वाचनलाई कम खर्चिलो र कम भडकिलो बनाउने विषय,
- मतदाता सुविधा, निर्वाचन शिक्षा र मतदाताको सहभागिताको अभिवृद्धि,
- सूचना प्रविधिको अत्यधिक प्रयोग,
- एकीकृत कानूनको निर्माणबाट कानूनी स्पष्टता,
- निर्वाचन आयोगको संस्थागत सुधार र खासगरि जिल्ला तहको संरचनाको दीगोपना र प्रभावकारिता
- मतदाता नामावलीलाई थप वैज्ञानिक र विश्वसनीय बनाउने विषय
- आयोगसँग अन्य निकायको अन्तरसम्बन्ध, समन्वय, साझेदारी र सहकार्य,
- राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र, समावेशिता, वित्तीय सुशासन र प्रकृयागत पारदर्शिता,
- विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार प्रयोगको सुनिश्चितता,
- निर्वाचनमा सहभागी भई उम्मेदवार कसैलाई पनि मत दिन नचाहेको (NOTA) विकल्प रोज्न पाउने मतदाताको अधिकारको शुरुवात,
- तीनै तहको निर्वाचन प्रणालीको समग्र समीक्षा।

उपरोक्त सवालहरुको सम्बोधन गर्ने गरी आयोगलाई अगाडि बढाउन मेरो सार्थक भूमिका र सकारात्मक पहल हुनेछ।

## ७. स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनः सुधारको अवधारणा र मेरो कार्ययोजना

सम्मानित समितिले विश्वास गरी मलाई प्रस्तावित पदमा नियुक्तिको लागि अनुमोदन गरेमा देहायका विषयमा आफ्नो भूमिका केन्द्रीत गर्ने गरी निम्न ५ वटा मुख्य बुँदामा आफ्नो कार्ययोजना तयार पारेको छुः

(क) संस्थागत सुदृढीकरण, क्षमता विकास र साझेदारी प्रबर्धन

- संघीय संरचना अनुकूल आयोगको संरचना परिमार्जन,
- आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजना तयारी र कार्यान्वयन,
- निर्वाचन सम्बन्धी अनुभवी र क्षमतायुक्त जनशक्तिको विकास र स्थायित्व,
- मतदाता नामावली संकलन एवं अद्यावधिक कार्यमा स्थानीय सरकारको भूमिका निर्धारण,
- पदाधिकारी एवं जनशक्तिका लागि तालिम तथा अभिमुखीकरण,
- मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि क्षमता अभिवृद्धि र अभिमुखीकरण,
- निर्वाचनका सरोकारवालाहरू नेपाल सरकार, राजनीतिक दल, मतदाता, आम संचारसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार,
- अन्तराष्ट्रिय क्षेत्रका सफल निर्वाचन व्यवस्थापन निकायहरूसँग अनुभव र सर्वोत्तम अभ्यास ( Best Practice) आदान प्रदान,

- नागरिक समाज र आम संचारसँगको अन्तर सम्बन्ध, समन्वय, साझेदारी र सहकार्य प्रबर्धन,

(ख) सूचना प्रविधियुक्त निर्वाचन व्यवस्थापन

- मतदाता नामावलीको अनलाइन दर्ता र अद्यावधिक गर्ने व्यवस्था,
- स्थानीय तहमा संकलन, जिल्ला स्तरमा डाटा प्रशोधन तथा केन्द्रमा डाटा भण्डारण व्यवस्था,
- तीनै तह (स्थानीय तह, जिल्ला तथा प्रदेश निर्वाचन कार्यालय र निर्वाचन आयोग) मा नेटवर्क प्रणालीको विकास,
- सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन र निर्वाचन पुस्तकालय,
- पर्याप्त सूचनायुक्त मतदातामैत्री वेबसाइटको विकास,
- निर्वाचन सूचना प्रवाह र मतदाता सचेतनाको लागि सामाजिक संजालको उपयोग,
- आम सहमतिमा विद्युतीय मतदान उपकरणको प्रयोग र इन्टरनेट भोटिङको अध्ययन,
- सुरक्षित एवं उच्च प्रविधियुक्त डाटा सेन्टरको व्यवस्था,
- मतदान केन्द्र व्यवस्थापनमा जीआईएस एवं जीपीएस प्रविधिको प्रयोग,
- सूचना व्यवस्थापनमा एसएमएस, मोवाइल एप्स तथा इभेन्ट ट्र्याकिङ विधिको प्रयोग,
- वायोम्याट्रिक प्रविधिबाट मतदाताको पहिचान र राष्ट्रिय परिचयपत्रसँग मतदाता नामावलीको आवद्धता

(ग) सुदृढ कानूनी व्यवस्था तथा निर्वाचन पूर्वाधार विकास

- निर्वाचन सम्बन्धी कानूनको परिमार्जन र एकीकृत कानूनी व्यवस्थाको लागि प्रस्तावित कानून पारित गर्न पहल
- निर्वाचन सम्बन्धी राष्ट्रिय नीति तर्जुमा र कार्यान्वयन
- सर्वस्वीकार्य आचार संहिता निर्माण र यसको निष्पक्ष एवं प्रभावकारी पालना
- विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रदान गर्ने सम्बन्धी कार्य
- निर्वाचनमा सहभागी भई उम्मेदवार कसैलाई पनि मत दिन नचाहेको (NOTA) विकल्प रोज्न पाउने मतदाताको अधिकारको कानूनी मान्यताको कार्यान्वयनमा पहल
- मतदातामैत्री मतदानस्थलको विकास र मतदानस्थलमा नै मतगणना व्यवस्थाको पहल
- निर्वाचन सामग्री व्यवस्थापनमा प्रदेश सरकार र स्थानीय तहको सहभागिता र सहयोग
- नियमित र प्रभावकारी मतदाता शिक्षा एवं निर्वाचन सम्बन्धी जनचेतनामूलक कार्यक्रमको स्थानीयकरण
- आवश्यक सामग्री र जनशक्तिको पूर्वानुमान र व्यवस्थापन
- विद्यालयको पाठ्यक्रममा निर्वाचन शिक्षाको आवद्धता र व्यापकताका निम्ति पहल
- एकीकृत र समन्वयात्मक सुरक्षा प्रणालीको व्यवस्थापनद्वारा भयमुक्त वातावरणमा निर्वाचन सञ्चालन

(घ) निर्वाचन व्यवस्थापनमा मितव्ययीता र प्रभावकारिता

- प्रति मतदाता खर्चमा न्यूनीकरण

- निर्वाचन सामग्री खरीदमा मितव्ययीता र पारदर्शीता
- मतदानकेन्द्रमा आवश्यक सामग्रीको स्थानीय स्तरबाट व्यवस्थापन गर्ने रणनीति
- मतदाता शिक्षामा सरोकारवालाको सहभागिता वृद्धि गरी खर्चमा मितव्ययीता
- विदेशबाट आयात गर्नुपर्ने निर्वाचन सामग्रीहरूमा वैदेशिक सहयोगको समन्वय
- मतदानकेन्द्रमा स्थानीय तहको जनशक्ति प्रयोग
- उम्मेदवारको प्रचार सामग्री र प्रचार प्रसार कार्यको खर्च सीमा निर्धारण र सो को प्रभावकारी अनुगमन, पुनरावलोकन र खर्चमा न्यूनीकरण
- राजनीतिक दल एवं उम्मेदवारको खर्चमा नियमन, लेखा परीक्षण र सार्वजनिकीकरण
- राजनीतिक दल र उम्मेदवारको आर्थिक कारोवारमा वैकिङ प्रणाली प्रयोग आदि

(ङ) राजनीतिक दलको दर्ता तथा नियमन

- दल दर्ता गर्ने कानूनी व्यवस्थामा पुनरावलोकन गरी निश्चित आधार र मापदण्ड निर्धारण
- राजनीतिक दलले गर्ने वार्षिक कारोवारको नियमित लेखा परीक्षण र प्रतिवेदनको सार्वजनिकीकरण
- राजनीतिक दलले विधान अनुसार गर्नुपर्ने गतिविधिहरूमा आयोगको प्रभावकारी अनुगमन
- संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूले आयोगका लागि सम्पर्क व्यक्ति तोकी निरन्तर समन्वय गर्ने प्रणालीको विकास
- राजनीतिक दलले संकलन गर्ने रकम, चन्दा, सहयोग आदि पारदर्शी र औचित्यपूर्ण बनाउन आवधिकरूपमा आयव्यय सार्वजनिक गर्ने प्रावधान
- सङ्घ, प्रदेश र स्थानीय तीनै तहमा राजनीतिक दलको सूचीकरण, र नियमन गर्ने व्यवस्था
- राजनीतिक दलको केन्द्रीय समिति लगायत सबै तहका समितिहरू तथा कार्यकारी पदहरूमा महिला र समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्न पहल
- निर्वाचन व्यवस्थापनमा दलहरूको भूमिकाको स्पष्टता
- राजनीतिक दलहरूको व्यवस्थापनमा स्वघोषणा र स्वमूल्यांकन प्रणाली मार्फत् अनुगमन
- राजनीतिक दलहरूको महाधिवेशनमा आयोगबाट पर्यवेक्षण आदि।

## ८. कार्ययोजना कार्यान्वयनको लागि तत्काल प्रारम्भ गरिने कार्यक्रमः

- स्थानीय तह मार्फत मतदाता दर्ता तथा अद्यावधिक कार्य प्रारम्भ गर्ने,
- स्थानीय तहका अध्यक्ष र प्रमुख, उपाध्यक्ष र उपप्रमुख र वडाध्यक्ष समेतका रिक्त पदहरूमा उपनिर्वाचनको लागि आवश्यक पहल र तयारी गर्ने,
- निर्वाचन कानूनहरूको पुनरावलोकन गरी नेपाल सरकार समक्ष पेश भएको एकीकृत कानून विधायिकाबाट पारित गराउन आवश्यक समन्वय गर्ने,
- निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने कार्यको विस्तार गरी विद्युतीय मतदान उपकरण प्रयोग सम्बन्धी वहस, छलफल, तालिम र आवश्यक वातावरणको तयारी गर्ने,
- निर्वाचनमा मितव्ययीता तथा निर्वाचन व्यवस्थापन सुधार सम्बन्धमा निरन्तर सम्वाद, छलफल, अन्तरक्रिया, अध्ययन अनुसन्धान गरी संरचनागत, नीतिगत एवं कानूनी सुधारतर्फ पहल गर्ने,

- आयोगको समग्र विषय समेटिएको समीक्षा प्रतिवेदन तयार गरी दीर्घकालिन सोचसहित चौथो पञ्चवर्षीय रणनीतिक योजना तयारी र कार्यान्वयन प्रारम्भ गर्ने,
- मतदाता परिचयपत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र लगायतका परिचयपत्रहरूको एकीकृत प्रणाली प्रारम्भ गरी राष्ट्रिय परिचयपत्रसँग मतदाता नामावलीको आवद्धताका लागि आवश्यक काम गर्ने,
- मतदाता शिक्षा र सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमको निरन्तरताको लागि पाठ्यक्रम, पाठ्य सामग्री तयारी, स्वीकृति र कार्यान्वयन गर्न स्थानीय तहका बिभिन्न तालिम तथा माध्यमिक तहको पाठ्यक्रममा निर्वाचन सम्बन्धी विषय समावेश र विस्तार गर्ने,
- निर्वाचनका समग्र प्रक्रियालाई समावेशी तथा लैङ्गिक मैत्री बनाउन अध्ययन, अनुसन्धान, बहस र छलफल गरी नीतिगत, कानूनी एवं संरचनात्मक सुधार गर्ने,
- राजनीतिक दलहरूका कार्य समिति स्थानीय तह, प्रदेश र सङ्घमा सूचीकृत गर्ने व्यवस्था र उपयुक्त सूचक सहित स्वमूल्यांकन प्रणालीको शुरुवात गर्ने,
- सबै तहमा दुई पटक भएका निर्वाचनका अनुभव र हाल सङ्घ र प्रदेशमा कुनै दलको बहुमत नभएको कारण देखिएका समस्या र स्थानीय तहका कार्यकारी प्रमुख र उपप्रमुखको निलम्बनबाट भएको रिक्तताको कारण उत्पन्न समस्याको पद्धतिगत सम्बोधन गर्ने,
- आधुनिक सूचना प्रविधिको प्रयोगसंगै बढ्दै गएको सामाजिक सञ्जालको उपयोग र त्यसबाट निर्वाचन व्यवस्थापनमा पर्ने नकारात्मक असरको न्युनीकरण अध्ययन गरी आवश्यक नीतिगत व्यवस्था गर्ने,
- स्थानीय तहमा कानून निर्माण र कार्यान्वयनमा देखिएको क्षमता अभाव एवं सुशासनमा देखिएको समस्यालाई दृष्टिगत गरी समग्र निर्वाचन प्रणालीको बारेमा बहसको प्रारम्भ आदि।

## ९. भावी कार्यदिशा

हालसम्म मैले नागरिक समाजको तर्फबाट सामाजिक अभियन्ताको रूपमा काम गर्दै आएको थिएँ। यस सम्मानित समितिबाट मेरो नियुक्तिको सिफारिस अनुमोदन भएमा अब मेरो जिम्मेवारी परिवर्तन भई नीतिगत निर्णय गर्ने संवैधानिक निकाय (निर्वाचन) को आयुक्तको रूपमा रहनेछ। हिजोको दिनमा मैले सामुहिक रूपमा वा स्वतःफूर्तरूपमा काम गरेको थिएँ भने भोलिका दिनमा अन्य माननीय आयुक्तहरूसँगै सामुहिक रूपमा निर्णय गर्ने संस्थामा काम गर्नुपर्ने भएकाले मेरा अगाडि अवसर र चुनौती दुबै रहने छन्। मूलत: मेरो भावी कार्यदिशा अन्य कार्यका अतिरिक्त निम्न कार्यहरूमा केन्द्रित हुनेछ:

### क. निर्वाचन प्रणालीमा सुधार

आवधिक निर्वाचन प्रक्रिया लोकतन्त्रको प्राणवायु हो। लोकतन्त्रलाई जीवन्त राख्न आवधिक निर्वाचन अनिवार्य त हो नै तर यो निर्वाचन स्वच्छ, निस्पक्ष र आम मतदाताले स्वामित्व ग्रहण गर्न सक्ने गरी सम्पन्न हुन सक्यो भने मात्र लोकतन्त्र सुदृढ हुन्छ र आवधिक निर्वाचन प्रणालीले वैधता प्राप्त गर्छ। नेपालको संविधानले समावेशी प्रकृतिको निर्वाचन प्रणालीको व्यवस्था गरे तापनि यसको अभ्यासको क्रममा देखिएका केही विकृति हामीले अनुभूति गरिसकेका छौं। यस अर्थमा निर्वाचन प्रणालीको संस्थागत, नीतिगत, कानूनी र प्रक्रियागत सुधार अपरिहार्य छ र मेरो कार्यकाल यिनै सुधारको लागि समर्पित रहने छ।

### ख. निर्वाचनलाई छिटोछरितो गराउने

निर्वाचनको नीतिगत तथा कानूनी सुधारका लागि संघीय संसदका माननीय सदस्यज्यूहरू र राजनीतिक नेतृत्वको सहयोग आवश्यक भएकोले मैले त्यस्तो सहयोगको अपेक्षा गरेको छु। प्रक्रियागत सुधारका लागि आयोगले नै कार्यविधि निर्धारण गर्नसक्ने हदसम्म मैले आजसम्म यस क्षेत्रमा आर्जन गरेको अनुभव प्रयोग गर्ने मेरो प्रयास जारी रहनेछ। यस प्रयोजनका लागि विद्युतीय मतदानको प्रयोग, विदेशमा रहेका नेपाली नागरिकलाई कम्तीमा समानुपातिक प्रणाली तर्फ मतदानमा सहभागी गराउने प्रक्रिया, विद्युतीय मतदान सम्भव नभएमा मतदान भएको ठाउँमा नै मतगणना गर्ने व्यवस्था, आम निर्वाचन घोषणा भएको बढीमा ६० दिनदेखि ९० दिनभित्र निर्वाचन सम्पन्न गराइसक्ने गरी आयोगको क्षमता विकास मेरो कार्यकालका प्रमुख प्राथमिकता रहनेछन्।

## ग. निर्वाचनलाई मितव्ययी र खर्च पारदर्शी बनाउने

निर्वाचन प्रक्रियाको चर्चा गर्दा निर्वाचन खर्चलाई बिर्सन सकिन्न। सम्बत २०७४ साल र २०७९ सालमा सम्पन्न स्थानीय तह र आम निर्वाचनको अनुभवले हाम्रो निर्वाचन प्रक्रिया सरकारी र गैर सरकारी दुबैस्तरमा अत्यन्त खर्चिलो र बोझिलो बनेको आम गुनासो रहेको छ। उम्मेदवारले गर्ने खर्च जति बढ्दै जान्छ त्यति नै निर्वाचन सर्वसाधारणको पहुँच भन्दा बाहिरको विषय बन्न पुग्दछ। निर्वाचन खर्चिलो भएकोले यो प्रक्रिया पर्याप्त खर्च गर्न सक्नेका लागि मात्र हो कि भन्ने भाष्य निर्माण हुँदैछ। निर्वाचन प्रचार प्रसार खर्चको दृष्टिले "खर्च गर्नसक्ने व्यक्ति राजनीतिक दललाई आवश्यक हुने र पद चाहिनेलाई राजनीतिक दल आवश्यक हुने" अवस्थामा सुधार नहुने हो भने हाम्रो निर्वाचन प्रणालीले आम नागरिकलाई परिचालन गर्न नसक्ने र हाम्रा जनप्रतिनिधिमूलक संस्थामा राजनीतिक व्यक्ति भन्दा अरू कसैको प्रभुत्व हुने निश्चित छ। अतः राजनीतिक दल र उम्मेदवारले गर्ने निर्वाचन खर्चको स्रोत पारदर्शी बनाउन र बाञ्छित सीमा भित्र मात्र खर्च गर्ने परिपाटि कायम गराउने प्रयासमा म केन्द्रित हुनेछु।

## घ. राजनीतिक दलको आन्तरिक लोकतान्त्रिकरणमा पहल

हामी दलीय प्रणालीमा छौँ। यो प्रणालीका प्रमुख सारथी राजनीतिक दल नै हुन्। राजनीतिक दलले स्वतन्त्र र निष्पक्ष निर्वाचनलाई वास्तविक रूपमा स्वीकार र ग्रहण नगरेसम्म निर्वाचन आयोग वा कसैले पनि स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन सक्दैन। राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र कायम नभएसम्म उम्मेदवार छनौट प्रक्रिया पारदर्शी हुन नसक्ने र योग्य उम्मेदवार छनौट नहुने कुरामा म स्पष्ट छु। राजनीतिक दलको आन्तरिक सञ्चालन र खर्च पारदर्शी नभएसम्म समग्र दलीय प्रणाली पारदर्शी हुन सक्दैन। तसर्थ राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र सुदृढ गर्न र दल तथा उम्मेदवारको आयको स्रोत र खर्चको विवरण पारदर्शी बनाउन गर्नुपर्ने कानूनी र नीतिगत सुधारमा पनि मेरो प्रयास रहने छ। यसका निम्ति राजनीतिक दलहरूको सहयोग जरुरी छ।

अन्त्यमा, निर्वाचन र निर्वाचन प्रणाली सुधारका सम्बन्धमा यस दस्तावेजमा मैले प्रस्तुत गरेको अवधारणा र कार्ययोजना बमोजिम कार्य सम्पादन गर्ने वातावरण उपलब्ध गराई निर्वाचन आयोगका माननीय प्रमुख आयुक्तज्यू, आयुक्तज्यूहरू, संघीय संसद, प्रदेश सभा, स्थानीय तह, राजनीतिक दल लगायत सम्पूर्ण सरोकारवालाहरूको सदासर्वदा साथ र सहयोग प्राप्त हुने कुरामा विश्वस्त छु। निर्वाचनसम्बन्धी नीतिगत र व्यावहारिक सुधारका हरेक चरणमा सम्बन्धित राजनीतिक दल र तिनका प्रतिनिधि एवं सरोकारवालाहरूसँग निरन्तर संवादमा रही सोहो माध्यमद्वारा मार्ग प्रशस्त गर्नु पर्छ भन्ने मेरो विश्वास छ। यसै विश्वासका साथ निर्वाचन आयोगको आयुक्त पदको जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा मेरो दृष्टिकोण राख्ने यस महत्त्वपूर्ण

अवसरका लागि संसदीय सुनुवाइ समितिका माननीय सभापतिज्यू तथा सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति पुनः एकपटक हार्दिक कृतज्ञता प्रकट गर्दछु। संसदीय सुनुवाइको प्रकृयालाई छिटो छरितो र व्यवस्थित रूपमा सञ्चालन गर्न देखाउनु भएको तत्परताका लागि श्रीमान महासचिवज्यू, दुवै सदन र सचिवालयका श्रीमान सचिवज्यूहरू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू तथा उपस्थित सञ्चारकर्मीहरू र नागरिक समाजका प्रतिनिधिप्रति समेत समन्वय र सहयोगको लागि हार्दिक कृतज्ञता प्रकट गर्दछु।

धन्यवाद !

कृष्णमान प्रधान